**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२ संख्याः ७ मितिः ०४/०२/२०७५

भाग-२

रघुगंगा गाउँपालिका

## मेला तथा महोत्सव व्यवस्थापन कार्यविधि २०७५

**प्रस्तावनाः**

सरकारी संस्था , गैर सरकारी संस्था तथा विभिन्न समुहहरुले विभिन्न चाड पर्व , मेला, महोत्सवहरुमा सन्चालन गर्दै आएको खेलकुद प्रतियोगिता, स्थानिय संस्कुतिक झलक, नुत्य प्रतियोगिता लगायतका कार्यक्रमहरु राष्ट र राष्टियताको गौरवको कार्यक्रम हुन । कलाकारले नेपालको सांस्कुतिक पहिचानलाई जिवन्त तुल्याएको छ । खेलाडीले नेपालको खेल जगत मार्फत नेपालको अस्तित्व र पहिचान बचाउने काम गरेको छ । कलाकार, खेलाडी जन्माउने र हुर्काउने थलो पनि यहि मेला महोत्सव हो । तर पछिल्लो समय चाड पर्व, मेला महोत्सव प्राय युवा र विद्‍यार्थीहरुको विकृतीको माध्यम बनेको छ । यो स्थितिको सिर्जना हुनु भनेको सन्चालन विधि र कार्यान्वयन प्रकृया ठिक नहुनु हो । अहिले मेला पर्व, महोत्सवको नाम्मा सामाजि सदभाव विग्रिएको छ । सामाजिक , सांस्कुितक अस्तित्व संकटमा परेको छ । इमान्दारी र अनुशासनको नाम्मा उग्र अभद्र समयको उदय हुदै गएको छ । मेला पाठ, चाड पर्व  महोत्सव भनेको कला र गला प्रस्फोटन गर्ने ठाउँ हो । तर आज जाड रक्सी, चुरोट अनि गाजा र भाङ प्रदर्शन गर्ने थलो बनेको छ । स्कुल पढेर संसार हाक्ने सोचाईहरु त्यही मेला महोत्सव तिर ध्यान बढिरहेको छ । यि र यस्ता गतिधिहर प्रति तत्काल ध्यान केन्द्रिन नगर्ने हो, र यो प्रथालाई निरन्तरता दिनेहो भने सायद हामिले सोचेको समृद्धी कहिले सम्भव होला ? मेला महोत्सव सन्चालनको नाउँमा सामाजिक दुर्घटना बढेको छ । देशको विकास र सामाजिक संरक्षणको बाटोमा हिड्ने युवाहरु दुर्व्यसनिको दल दलमा फसेको छ । युवा हराए कस्ले गर्ने विकास, कस्ले गर्ने परिवर्तन । देशको बलियो खम्वा भनेको युवा शक्ति हो । त्यसेलै यि युवा शक्ति सन्तुलन र मेला महोत्सवको उचित व्यवस्थापन सन्चालन विधि कार्यान्वयनको लागि यो ऐन गाउँसभा वाट पारित गरियोस ।

## ➢, संक्षिप्त नाम र प्रारम्भः

१, यस ऐनको नाम रघुगंगा गाउँपालिकाको सरकारी संस्था वा गैर सरकारी संस्था द्धारा सन्चालन गरिने महोत्सव तथा मेलाको कार्यविधि २०७५ रहने छ ।

२, क्लव वा समुह भन्नालेः संस्था दर्ता (ऐन २०३४ को दफा ४ बमोजिम दर्ता    भएका।

३, सरकारी संस्था भन्नालेः नेपाल सरकारको वैधानिक प्राप्त आधिकारीक संस्था ।

## ➢, सन्चालन कार्यविधिः

१, गाउँपालिका भित्र रहेको सम्पुर्ण क्लवहरु वैधानिक रुपमा दर्ता गर्नु पर्ने ।

२, दर्ता गरिएका सवै क्लवहरु सामाजिक, आर्थिक रुपान्तरणको लक्ष्य सहित    सामाजिक विकासमा निरन्तर लाग्नु पर्नेछ ।

३, मेला वा महोत्सव स्वीकृतीको ब्यवस्था गाउँपालिका बाटै ब्यवस्था गर्नु पर्ने ।

४, मेला ब्यवस्थित र मर्यादित बनाउन सम्वन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा उच्च स्तरिय समिति गठन गर्नु पर्ने छ ।

५, क्लवहरुले वालक्लव सम्वन्धि कुनै पनि कार्यक्रम गर्न र राख्न पाउँने छैन ।

६, प्रत्येक वडामा वर्षको एक पटक मात्र गै.स वा स. संमा आवद्ध संघ संस्थाहरुले मेला महोत्सवको अवसरमा कार्यक्रमको आयोजना गर्न पाउने छ

७, कुनै पनि क्लव वा संस्थाले वडा भित्र एक पटक भन्दा वढी मेला वा महोत्सवको आयोजना गर्न खोज्छ वा गर्छ भने तत्काल उक्त क्लव खारेज गरि निस्कृय बनाईने छ ।

८. कुनै पनि क्लव वा संघ संस्थाले आयोजना गर्ने मेला वा महोत्सवको नियम कानुन र आचारसंहिता वडा अध्यक्षको संयोजकत्वमा वन्ने उच्च स्तरिय समितिले बनाई लागु गर्ने छ ।

९, वडा भित्रका सरकारी संस्था स्कुल लगायत अन्य सरकारी स्वामित्वमा पर्ने संस्थाहरुले कुनै पनि कार्यक्रमको आयोजना गर्दा वडा संग समन्वय गरि गर्नु पर्ने छ

१०, स्थानिय सरकार गाउँपालिका भित्र पर्ने सरकारी संस्थाहरुले कुनै किसिमको कार्यक्रको आयोजना गर्न परेको खण्डमा गाउँपालिका संग समन्वय गरि गर्नु पर्नेु छ ।

११,गाउँपालिकाभित्रका मौलिक सँस्कृतिहरुको हकमा वढीमा ५ दिनसम्म र अन्यका लागि वढीमा १ दिनसम्म मात्र मेला वा महोत्सव संचालन गर्न पाइनेछ ।

१२.यस अघि भए गरेका मेला तथा महोत्सवहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत